**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेव खनाल**

**<u>फैसला</u>**

२०७९/०८० सालको निर्णय नं.२७७

पुनरावेदन नं. ०७६-RB-०००१

पुनरावेदन दर्ता मितिः- २०७६।०४।०७

मुद्दाः- आयकर (२०७१/०७२)।

| | |
|---|---|
| भुटानमा कम्पनी रहेको ड्रुक एयर रोयल भुटान एयरलाईन्सको तर्फबाट ऐ.का अधिकार प्राप्त काठमाडौं महानगरपालिका, वडा नं.१, कमलपोखरी, काठमाडौं स्थित अफिसका मुख्य लेखापाल काठमाडौं जिल्ला, कागेश्वरी, मनोहरा नगरपालिका, वडा नं.५ बस्ने जनार्दन प्रसाद पौडेल..................................१ | पुनरावेदक |

**विरुद्ध**

| | |
|---|---|
| श्री महानिर्देशक आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं................१<br>श्री आन्तरिक राजस्व विभाग, लाजिम्पाट काठमाडौं..................................१<br>श्री आन्तरिक राजस्व कार्यालय क्षेत्र नं.१, बबरमहल, काठमाडौं (हाल आन्तरिक राजस्व कार्यालय, पुतलीसडक)............................................१ | प्रत्यर्थी |

**<u>शुरु निर्णय गर्ने कार्यालय र अधिकारी</u>**

शुरु निर्णय गर्ने कार्यालय :- आन्तरिक राजस्व कार्यालय क्षेत्र नं.१, बबरमहल, काठमाडौं

शुरु निर्णय गर्ने अधिकारी :- प्रमुख कर प्रशासक श्री झलकराम अधिकारी

शुरु कार्यालयको निर्णय मिति :- २०७५।०३।०६

**<u>प्रशासकीय पुनरावलोकन निर्णय गर्ने कार्यालय र अधिकारी</u>**

निर्णय गर्ने कार्यालयः- आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं

निर्णय गर्ने अधिकारी :- महानिर्देशक श्री बिष्णुप्रसाद नेपाल

मुल्य पुनरावलोकन निर्णय मितिः–२०७६।०१।३०

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट :- विद्वान अधिवक्ता श्री डासीराम खनाल

प्रत्यर्थी कार्यालयका तर्फबाट :- विद्वान सहायक-न्यायाधिवक्ता श्री संगिता थोकर

**अवलम्वित नजिर : ×**

आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको मिति २०७६।०१।३० को निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) तथा आयकर ऐन, २०५८ को दफा ११६ बमोजिम यस न्यायाधिकरणको क्षेत्राधिकार अन्तर्गत दर्ता भै पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

**तथ्य खण्ड**

१. श्री आन्तरिक राजस्व कार्यालय क्षेत्र नं.१, बबरमहल, काठमाडौंको मिति २०७५।०२।१४ को आयकर ऐन, २०५८ को दफा १०१(६) बमोजिमको सूचनामा करदाता ड्रुक एयर कर्पोरेशन लिमिटेडका नाममा आय वर्ष २०७१/०७२ को लागि आयकर ऐन, २०५८ को दफा ७० वमोजिम करयोग्य आय कायम गरी सोही ऐनको दफा १०१ वमोजिम संशोधित कर निर्धारण गर्ने प्रयोजनको लागि संशोधित करयोग्य आय रू.४१,९७,४९,७६९।- कायम गर्नुपर्ने भएकोले सो वमोजिम गर्नु नपर्ने कुनै ठोस प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिन भित्र पेश गर्न विस्तृत व्यहोरा खुलाई लिखित सूचना जारी गरी मिति २०७५।०२।२२ को श्री गोरखापत्र राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरेको।

२. श्री आन्तरिक राजस्व कार्यालय क्षेत्र नं.१, बबरमहल, काठमाडौंबाट मिति २०७५।०२।२२ मा जारी भएको सूचना करदाताको आधिकारिक प्रतिनिधि नेपालका लागि ड्रुक एयर कर्पोरेशन लिमिटेडको GSA नियुक्त भएका श्री डाँफे ट्राभल सेण्टर प्रा.लि.(स्थायी लेखा नं.३०००९१५४६) ले निज करदातालाई बुझाउने गरी मिति २०७५।०२।२२ मा बुझी लिई सोको जवाफ करदाताले मिति २०७५।०३।०५ मा पेश गरेको।

३. आ.व.२०७१।०७२ मा करदाता ड्रुकएयर कर्पोरेशन लिमिटेडको एयरलाइन्सबाट नेपालबाट प्रस्थान हुने सबै यात्रु संख्या २०८०८ को ओसार पसारबाट प्राप्त रकम करयोग्य आयमा समावेश गरी आय कायम गर्नु पर्नेमा नेपालबाट तथा नेपाल वाहिरबाट टिकट विक्री भएको यात्रुसंख्या ७६२५ बाट भुक्तानी प्राप्त गरेको रू.१२,४४,११,९३०।- मात्र करयोग्य आय कायम गरी सो को ५ प्रतिशतका दरले गणना गरी रू.५५,८९,५०६।५४ मात्र दाखिला गरेको हुंदा घटी यात्रु संख्या १३१८३ को मासिक औसत विक्री दरले गणना गरी हुन आएको उपर्युक्त विवरणमा

उल्लेख भए बमोजिमको आय रू.२९,५३,३७,८३९।- समेत थप गरी हुने जम्मा रू.४१,९७,४९,७६९।- संशोधित करयोग्य आय कायम हुने ठहर्छ भनी आन्तरिक राजस्व कार्यालय काठमाडौं क्षेत्र नं.१ बबरमहलबाट मिति २०७५।०३।०६ मा भएको निर्णय।

४. श्री ड्रुकएयर कर्पोरेशन लिमिटेडको नेपालका जनरल सेल्स एजेन्ट (GSA ) डांफे ट्राभल सेन्टर प्रा.लि.ले आ.व २०७१।७२ को लागि दाखिल गरेको कर र कर परीक्षणको सिलसिलामा उपलब्ध भएसम्मका कागजात, फाँटवारी तथा प्रमाणहरू समेतलाई अध्ययन, छानविन तथा परीक्षण गर्दा आयकर ऐन, २०५८ को दफा १०१ बमोजिम संशोधित कर निर्धारण गर्न देहाय अनुसार उक्त आर्थिक वर्षको लांगि रू.४१,९७,४९,७६९।- करयोग्य आय कायम गर्ने मिति २०७५।०३।०६ मा निर्णय भएकोले सो वमोजिम कर निर्धारण गरिएको व्यहोरा आयकर ऐन, २०५८ को दफा १०२ बमोजिम करदाताको नाममा च.नं.४२३ को पत्रबाट मिति २०७५।०३।०६ मा जारी भएको संशोधित कर निर्धारणको सूचना।

५. आन्तरिक राजस्व कार्यालय काठमाडौं क्षेत्र नं.१ बबरमहलले मिति २०७५।०३।०६ मा जारी गरेको आ.व. २०७१/०७२ को आयकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी करदाता श्री डांफे ट्राभल्स सेन्टर प्रा.लि. (ड्रुकएयर कर्पोरेशन नेपालको जनरल सेल्स एजेन्ट) ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७५।०५।१९ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन।

६. आयकर ऐन (संशोधन सहित), २०५८ को दफा ६७ को उपदफा (६) को खण्ड (छ) बमोजिम नेपालबाट प्रस्थान गर्ने यात्रुहरूको ओसार पसार गर्ने कार्यबाट प्राप्त गरेको भुक्तानी नेपालको स्रोत रहेको र दफा ७० को उपदफा (१) बमोजिम नेपालबाट प्रस्थान हुने यात्रुहरूको ओसार पसारको कार्यबाट प्राप्त रकमहरू गैरबासिन्दा व्यक्तिको करयोग्य आयमा समावेश हुने, र ऐनको दफा ३ को उपदफा (१) मा नेपालमा करयोग्य आय भएको व्यक्तिलाई नेपालमा नै कर लगाउने र असुल उपर गरिनेछ भन्ने व्यवस्था रहेको हुंदा कार्यालयबाट गरेको संशोधित कर निर्धारण कानूनसम्मत नै देखिएकोले निवेदकको निवेदन जिकिर नपुग्ने ठहर्छ भन्नेसमेत व्यहोराको आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।०१।३० मा भएको निर्णय।

७. नेपालवाट ड्रुक एयरको जहाजवाट प्रस्थान हुने सबै यात्रु संख्याको आधारमा कायम हुने विक्री आय भुक्तानी नेपालको श्रोत रहेको र सो करदाताको करयोग्य आयमा समावेश गर्नु पर्ने, सो प्राप्त गरेको आयमा कर लाग्ने व्यवस्था भएको, नेपालबाट प्रस्थान गर्ने यात्रुहरुको ओसार पसार टिकटको आधारमा हुने, प्रस्थान हुने यात्रुहरुको

ओसार पसारको कार्यबाट प्राप्त रकमहरु गैर बासिन्दा व्यक्तिको करयोग्य आयमा समावेश हुने र नेपालमा करयोग्य आय भएको व्यक्तिलाई नेपालमा नै कर लगाउने र असुल उपर गरिने, नेपाल वाहिर नै अन्य कसैले टिकट जारी गरी नेपालमा प्रवेश गरी हवाई सेवा मार्फत प्रस्थान भएको अवस्थामा त्यस्तालाई नेपालको श्रोत वा भुक्तानी मानिने भनी गरिएको निर्णय कानून सम्मत नदेखिंदा विपक्षी शुरू कार्यालयको मिति २०७५।०३।०६ को निर्णय र सोही बमोजिम जारी मिति २०७५|०३।०६ को संशोधित कर निर्धारणको सूचना र सो लाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट भएको मिति २०७६।०१।३० को निर्णय समेत बदर गरी सुलभ न्याय पाँऊ भन्ने समेत व्यहोराको करदाताको तर्फबाट मिति २०७६।०४।०७ मा यस न्यायाधिकरण पेश भएको पुनरावेदन पत्र।

८. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७६।१०।२९ मा भएको आदेश।

९. यसमा पुनरावेदक करदाता ड्रुक एयर कर्पोरेशन लिमिटेडको GSA डांफे ट्राभल सेन्टर प्रा.लि.को २०७१/०७२ भन्दा अघि र पछिका आर्थिक वर्षहरुमा के कस्ता रकमहरु आयमा समावेश गरी कर निर्धारण भएको छ। सो को विवरण आन्तरिक राजस्व कार्यालय क्षेत्र नं.१ बबरमहल हाल आन्तरिक राजस्व कार्यालय, पुतलीसडकबाट मगाउनु र आ.व.०७१/०७२ मा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल हुदै ड्रुक एयर मार्फत विदेश यात्रा गर्ने यात्रुहरु मध्ये के कति संख्याका यात्रुको टिकट ड्रुक एयरको नेपाल GSA डांफे ट्राभल सेन्टर प्रा.लि.बाट विक्री भएको हो र के कति यात्रुहरुले अन्यत्र (विदेश) बाट टिकट खरीद गरी त्रिभुवन विमानस्थलको ट्रान्जिट स्थल हुदैं यात्रा गरेका हुन् सो को विवरण विशेष सरकारी वकिल कार्यालय मार्फत नागरिक उड्डयन प्राधिकरण वा सम्बन्धित निकायबाट मगाई नियमानुसार गरी पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७६।११।१३ मा भएको आदेश।

१०. नेपाल नागरिक उड्डयन प्राधिकरण त्रिभुवन बिमानस्थल नागरिक उड्डयन कार्यालय गौचर काठमाण्डौले मिति २०७७।१२।०४ मा उपलब्ध गराएको विवरण अनुसार आ.व.२०७१/०७२ मा यात्रु सेवा सुबिधा शुल्क जारी गरिएको बिलिङ विवरण अनुसार नेपालबाट ड्रुक एयरको जहाज मार्फत उडान भरेको सम्पुर्ण हवाई यात्रु संख्या २०८०८ र infant को संख्या ५३ को रहेको विवरण प्राप्त भएको।

११. आन्तरिक राजस्व कार्यालयबाट मिति २०७८।१२।०७ मा च.नं.१३१० को पत्रमा यस श्री ड्रुक एयर कर्पोरेशन लिमिटेडले मिति २०५७/११/१९ मा स्थायी लेखा नं.

लिएको भएता पनि आ.ब. २०७४/७५ सम्म आफ्नो नेपाल स्थित GSA डाँफे ट्राभल्स सेन्टर प्रा.लि. मार्फत प्रतिनिधित्व गराइ कर दायित्व वहन गर्दै आएकोमा आ.ब. २०७५/७६ देखि आफ्नै स्थायी लेखा नं. (५००१९३११०) बाट आय विवरण दाखिला गर्दै आएको छ। यस कार्यालयबाट ड्रुक एयर कर्पोरेशन लिमिटेडको आ.ब. २०७१/७२ र २०७३/७४ को कर परीक्षण तथा अनुसन्धान कार्य सम्पन्न भई सकेको तथा आ.ब. २०७४/७५ र २०७५/७६ को अनुसन्धान कार्य सम्पन्न हुने चरणमा रहेको छ। पत्रमा उल्लेख भए बमोजिम निज करदाताको कर परीक्षण तथा अनुसन्धान मार्फत आ.ब. २०७१/०७२ र २०७३/७४ मा आयमा समावेश गरी कर निर्धारण गरिएका रकमहरुको विवरण तपसिल बमोजिम रहेको भनी "यस आय वर्षमा ड्रुक एयर मार्फत नेपालबाट प्रस्थान गर्ने यात्रुहरुको संख्या २०८०८ रहेको विवरण त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कार्यालय गौचरबाट प्राप्त भएको भएता पनि ड्रुक एयर कर्पोरेशन लिमिटेडको GSA डाँफे ट्राभल्स सेन्टर प्रा.लि.ले विक्री गरेका ७६२५ वटा टिकटहरुको मूल्य बराबरको रकम मात्र घोषणा गरी कर दाखिला गरेको देखिएकोमा आयकर ऐन, २०५८ को दफा ९९(२) बमोजिम दाखिला गरिएको करलाई नै आय विवरण घोषणा गरेको मानी बाँकी १३१८३ वटा टिकट बिक्रीको हकमा मासिक औषत टिकट बिक्री दरले गुणन गरी कायम हुने रु.३३,३८,४५,३८२।- मा करदाताले नेपालमा नागरिक उड्डयन प्राधिकरण तथा नेपाल पर्यटन बोर्डमा बुझाउनु पर्ने स्थानीय करहरु (NQ Tax रु.१,४८,९६,७९०।-, PSC रु.१,०४,२७,७५३।-, ADF रु.१,३१,८३,०००।-) घटाउँदा कायम हुने रु.२९,५३,३७,८३९।- आयमा समावेश गरी आयकर ऐन, २०५८ को दफा ७० बमोजिम लाग्ने कर निर्धारण भएको देखिन्छ" भन्ने विवरण प्राप्त भएको।

१२. यसमा यिनै करदाताको आ.व २०७३/०७४ को संशोधित कर निर्धारण उपर यस न्यायाधिकरणमा पुनरावेदन परी विचाराधिन रहेकोले प्रस्तुत मुद्दा साथ लगाउमा राखी संगै सुनुवाई गर्नुपर्ने भनी पुनरावेदक तर्फबाट विद्धान अधिबक्ताले इजलास समक्ष अनुरोध गर्नु भएकोले पुनरावेदन नं ०७८-RB-०१३५ समेत लगाउ कायम गरी साथै राखि पेशीमा चढाई नियमानुसार पेस गर्नू भन्ने यस न्यायाधिकरणबाट मिति २०७९।०२।०९ मा भएको आदेश।

## <u>ठहर खण्ड</u>

१३. नियम बमोजिम पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाता ड्रुक एयर रोयल भुटान एयरलाईन्सको तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ता श्री डासीराम खनालले नेपालबाट प्रस्थान गरेका यात्रुहरुबाट प्राप्त रकममा मात्र करदाताले कर बुझाउनु पर्ने हो, ट्रान्जिट यात्रु र नेपाल बाहिरबाट टिकट खरिद गर्ने यात्रुको हकमा नेपालमा कर तिर्नु पर्ने नहुँदा आयकर ऐन, २०५८ को दफा ७०

विपरित भएको संशोधित कर निर्धारण बदर हुनुपर्छ, बदर गरी पाउँ भनी तथा प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकील कार्यालय, काठमाडौंका विद्वान सहायक-न्यायाधिवक्ता श्री संगिता थोकरले शुरू कार्यालयबाट भएको संशोधित कर निर्धारणको आदेश र सो निर्णयलाई सदर गरी आन्तरिक राजस्व विभागले गरेको निर्णय समेत कानून सम्मत नै रहेको देखिँदा सदर गरी पाउँ भनी गर्नुभएको बहस जिकिर समेत सुनियो।

१४. पुनरावेदक करदाताबाट लिइएको पुनरावेदन जिकिर, दुवै तर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, यसमा आन्तरिक राजस्व कार्यालय क्षेत्र नं.१, बबरमहलबाट पुनरावेदक करदाताको हकमा भएको संशोधित कर निर्धारणको आदेश र सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय मिलेको छ, छैन? पुनरावेदक करदाताको जिकिर पुग्न सक्छ, सक्दैन भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१५. अव पुनरावेदक करदाताले लिएको पुनरावेदन तर्फ हेर्दा, आ.व.२०७१/०७२ मा नेपालबाट ड्रुक एयरको जहाज मार्फत उडान भरेको सम्पुर्ण हवाई यात्रु संख्या २०८०८ को ओसार पसारबाट प्राप्त रकम कर योग्य आयमा समावेश गरी आय कायम गर्नु पर्नेमा ७६२५ यात्रुबाट भुक्तानी प्राप्त गरेको रू.१२,४४,११,९३०।- मात्र करयोग्य आय कायम गरी सो को ५ प्रतिशतका दरले गणना गरी रू.५५,८९,५०६।५४ मात्र  दाखिला गरेको हुँदा घटी यात्रु संख्या १३१८३ को मासिक औषत बिक्री दरले गणना गरी रू.२९,५३,३७,८३९।- थप गरी करयोग्य आय कायम गर्ने गरी आयकर ऐन, २०५८ को दफा ७० बमोजिम कर निर्धारण भएको भन्ने शुरु आन्तरिक राजस्व कार्यालयले मिति २०७५।०३।०६ मा गरेको निर्णय पर्चाबाट देखियो।

१६. करदाताको पुनरावेदन पत्रमा उक्त कर निर्धारण आयकर ऐन, २०५८ को दफा ६७(६)(छ) तथा दफा ७०(१) को मर्म र मनसाय विपरित छ भनी पुनरावेदन जिकिर लिएको देखियो। आयकर ऐन, २०५८ को दफा ६७ को उपदफा (६) को खण्ड (छ) मा "*कुनै व्यक्तिले अन्तर चलान (ट्रान्ससिपमेन्ट) गरेको परिणाम स्वरूप बाहेक नेपालमा स्थल, सामुद्रिक वा हवाई यातायात वा चार्टर सेवा व्यवसाय संचालन गरी देहाय बमोजिम प्राप्त गरेको भुक्तानी*" भन्ने व्यवस्था गर्दै उपखण्ड (१) मा "*प्रस्थान गर्ने यात्रुहरूको ओसारपसार गर्ने*", वा (२) मा *"डाक, पशुपंक्षी वा अन्य प्रत्यक्ष चल सम्पत्ति चलान गर्ने"* भन्ने उल्लेख गरेको देखियो। त्यसैगरी दफा ७० को उपदफा (१) मा "*जलयात्रा सञ्चालन, चार्टर सेवा संचालन वा हवाई यातायात संचालन गर्ने गैर बासिन्दा व्यक्तिको कुनै आय वर्षको करयोग्य आयमा सो वर्षमा अन्तर चलान (ट्रान्ससिपमेन्ट) बाट प्राप्त रकम बाहेक देहायका कार्यहरुबाट प्राप्त*

*रकमहरु समावेश गर्नु पर्नेछ*" भन्ने व्यवस्था गर्दै खण्ड (क) मा "*नेपालबाट प्रस्थान हुने यात्रुहरूको ओसारपसार*", वा (ख) मा "*नेपालबाट चलान गरिएको डाँक, पशुपंक्षी वा मालसामानको ओसारपसार*" भन्ने उल्लेख भएको देखियो।

१७. उक्त कानूनी व्यवस्था बमोजिम हेर्दा आ.व. २०७१/०७२ मा नेपाल स्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भई ड्रुक एयरबाट प्रस्थान गरेको यात्रुसंख्या २०८०८ रहेको र करदाता ड्रुक एयर रोयल भुटान एयरलाइन्सको नेपालका लागि GSA डाँफे ट्राभल सेन्टर प्रा.लि.ले बिक्री गरेको टिकट संख्या ७६२५ भएकोले सोही टिकट संख्या बराबर प्राप्त रकम अनुसारको मात्र कर दाखिला गरेको तथ्यलाई करदाताले मिति २०७४।०९।१४ को पत्रबाट स्वीकार गरेको देखियो। यसबाट त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट प्रस्थान गर्ने यात्रुसंख्या १३१८३ ले टिकट वापत भुक्तानी गरेको रकममा करदाताले कर दाखिल नगरेको तथ्यमा विवाद देखिएन। आयकर ऐन, २०५८ को दफा ६७ को उपदफा (६) को खण्ड (छ) र दफा ७० को उपदफा (१) ले समेत अन्तर चलान (ट्रान्ससिपमेन्ट) बाट प्राप्त रकमलाई बाहेक गरेपनि नेपालबाट प्रस्थान हुने यात्रुहरुले टिकट खरिद गरे वापत भुक्तानी गरेको रकमलाई आयकर ऐन, २०५८ ले करयोग्य आयबाट बाहेक गरेको देखिएन।करदाताले आ.व. २०७१/०७२ मा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट प्रस्थान गरेका यात्रु मध्ये यति जना ट्रान्जिट यात्रु रहेको र यति रकम अन्तर चलान (ट्रान्ससिपमेन्ट) बाट प्राप्त भएको हो भनी स्पष्ट प्रमाण सहित जिकिर लिन सकेको देखिदैन भने यस न्यायाधिकरणको मिति २०७७।११।१३ को आदेश बमोजिम नेपाल नागरिक उड्डयन प्राधिकरण त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय गौचरको च.नं.२३८ मिति २०७७।१२।०४ मा प्राप्त मिसिल संलग्न यात्रु विवरणबाट समेत Transit यात्रुको रुपमा कुनै यात्रु रहेको भनी खुलाएको देखिन आउँदैन।

१८. अतः आयकर ऐन, २०५८ को दफा ६७ को उपदफा (६) खण्ड (छ) बमोजिम नेपालबाट प्रस्थान गर्ने यात्रुहरुको ओसारपसार गर्ने कार्यबाट प्राप्त गरेको भुक्तानी नेपालको स्रोत रहेको र  दफा ७० को उपदफा (१) बमोजिम नेपालबाट प्रस्थान हुने यात्रुहरुको ओसारपसारको कार्यबाट प्राप्त रकमहरु करदाता गैर वासिन्दा व्यक्तिको करयोग्य आयमा समावेश हुने नै देखिँदा करदाताको पुनरावेदन जिकिर सँग सहमत हुन सकिएन।

१९. तसर्थ, माथि उल्लिखित तथ्य, आधार एवं कारण समेतबाट पुनरावेदक करदाता गैर वासिन्दा व्यक्ति ड्रुक एयर कर्पोरेशन लि.को आ.व. २०७१/०७२ को संशोधित कर निर्धारण गरी आन्तरिक राजस्व कार्यालय पुतलीसडकबाट मिति २०७५।०३।०६ मा भएको निर्णय र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।०१।३० मा भएको निर्णय समेत मिलेकै देखिँदा

सदर हुने ठहर्छ। करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नु।

<u>तपसिल खण्ड</u>

१. फैसलाको प्रतिलिपी सहित फैसला भएको जानकारी बिशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई पठाईदिनू।

२. प्रस्तुत फैसलाको विद्युतीय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू।

३. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।

४. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी शुरु मिसिल आन्तरिक राजस्व कार्यालय, पुतलीसडक पठाई रेकर्ड मिसिल अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

वासुदेव खनाल
(लेखा सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>
इजलास अधिकृतः- खेमकुमारी बस्नेत
कम्प्यूटर अपरेटरः- चन्द्र बहादुर नेपाली
फैसला मितिः- ईति सम्वत् २०७९ साल चैत्र १९ गते रोज १ शुभम्
प्रमाणीकरण गर्ने लेखा सदस्यः-
फैसला प्रमाणीकरण मितिः-

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम ललितपुरको छाप